धुनिवेशी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सः २०८३/०८४
च.नः १०२०

मिति : २०८३।०६।२९
ने.सं.११४६ कौलाख्य पञ्चमी

विषय : प्रतियोगितामा भाग लिने खेलाडीहरुको विवरण पेश गर्ने सम्बन्धि सूचना।

श्री सबै विद्यालयहरु
धुनिवेशी नगरपालिका, धादिङ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब.०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय तह राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि मिति २०८३।६।२८ गतेका दिन नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यूको अध्यक्षतामा बसेको स्थानीय तह राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समितिको बैठकले उक्त प्रतियोगिता २०८३।७।१७ देखि ऐ.२० गते सम्म धुनिवेशी खेलमैदान, पुरानो धार्केमा सञ्चालन गर्ने निर्णय गरेको हुँदा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) को व्यवस्था बमोजिम चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म यस नगरपालिका अन्तर्गतका विद्यालयमा नियमित रुपमा अध्ययनरत १८ वर्ष मुनिका खेलाडी विद्यार्थी छनौट गरी सोको विवरण २०८३।७।१३ गते सम्म कार्यालय समय भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै प्रतियोगिता सञ्चालन सम्बन्धि अन्य प्रावधानहरु देहाय बमोजिम रहेको व्यहोरा जानकारी गराईन्छ।

केशव ज्ञवाली
शिक्षा उप निर्देशक
केशव ज्ञवाली
शिक्षा उप-निर्देशक

देहाय :

१. प्रतियोगिता हुने खेल विधाहरु :

खेल विधा	विवरण
१.एथलेटिक्स ट्र्याक तर्फ	छात्र: १००mt,२००mt,४००mt,८००mt,१५००mt दौड, ३०००mtदौड /रिले-४"१००mt, ४''४००mt. छात्रा :१००mt,२००mt,४००mt,८००mt,१५००mt दौड ३०००mtदौड /रिले-४"१००mt, ४"४००mt.
एथलेटिक्स फिल्ड तर्फ	छात्र : हाईजम्प, लङ्गजम्प, ट्रिपल जम्प, ज्याभलिङ थ्रो ८०० grm र सटपुट १२ पाउण्ड छात्रा : हाईजम्प, लङ्गजम्प, ट्रिपल जम्प, ज्याभलिङ थ्रो ६०० grm र सटपुट ८ पाउण्ड
२. भलिबल	छात्रा/छात्र (१०/१० जना)
३. कबड्डी	छात्रा/छात्र (छात्र ७० Kg मुनी र छात्रा ६५ Kg मुनी -१०/१० जना)।
४. तेक्वान्दो	छात्र : ४५ केजी मुनी, ४८ केजी मुनी, ५१ केजी मुनी, ५५ केजी मुनी, ५९ केजी मुनी र एकल पुम्से छात्रा : ४२ केजी मुनी, ४४ केजी मुनी, ४६ केजी मुनी, ४९ केजी मुनी, ५२ केजी मुनी र एकल पुम्से
५. कराँते	छात्र : ४२ केजी मुनी, ४७ केजी मुनी, ५२ केजी मुनी, ५७ केजी मुनी, ६२ केजी मुनी र काता एकल छात्रा : ४० केजी मुनी, ४५ केजी मुनी, ५० केजी मुनी, ५५ केजी मुनी, ६० केजी मुनी र काता एकल

२. प्रतियोगितामा सहभागी हुने खेलाडी चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म यस नगरपालिका अन्तर्गतका विद्यालयमा नियमित रुपमा अध्ययनरत रहेको र १८ ननाघेको हुनुपर्नेछ।

३.विद्यालयले प्रतियोगितामा सहभागी गराउने विद्यार्थीको विवरण राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) को अनुसूची-१ बमोजिमको ढाँचामा जन्म दर्ताको प्रमाणपत्र वा IEMIS बाट निकालिएको जन्म मिति सहितको Excel Copy को प्रमाणित प्रतिलिपि र एक प्रति पासपोर्ट साइजको फोटो सहित संलग्न गरी मिति २०८३/७/१३ गते सम्म कार्यालय समय भित्र नगरपालिकाको

CamScanner

शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराउनु पर्नेछ उक्त अवधि पश्चात कुनै आवेदन प्राप्त भएमा सोलाई प्रतियोगितामा सहभागी गराइने छैन।

४. एथ्लेटिक्स तर्फ छात्र/छात्रा दुबै इभेन्ट्समा २ फिल्ड भए १ ट्याक र २ ट्याक भए १ फिल्ड मात्र खेल्न पाउने तर रिले विधामा लागु नहुने, समुह खेलमा भाग लिने खेलाडीले व्यक्तिगत खेलमा भाग लिन नपाउने साथै मार्सल आर्ट खेलमा भाग लिने खेलाडीले अन्य खेलमा भाग लिन पाउने छैनन्।

नोट : प्रतियोगितालाई सुव्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक छलफलका लागि मिति २०८३।७।१० गते विहान ११ वजे नगर कार्यपालिकाको कार्यालयमा यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरु (सामुदायिक तथा संस्थागत) मध्ये आधारभुत तह कक्षा ६-८ सम्म सञ्चालित विद्यालय र माध्यमिक तह सञ्चालित सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरुको बैठक आयोजना गरिएको हुँदा उक्त बैठकमा अनिवार्य रुपमा उपस्थित भइ दिनु हुन यसै सूचना मार्फत सम्बन्धित प्रधानाध्यापकज्यूहरुलाई अनुरोध गरिन्छ।

बोधार्थ

श्री सुचना प्रविधि शाखा – नगरपालिकाको वेव साइट र फेसबुक पेजमा अपलोड गरिदिनुहुन।

०८३।९।२९
केशव ज्ञवाली
शिक्षा उप-निर्देशक

CamScanner